# नयाँ नेपालमा संरक्षणका कुरा

मुकेश कुमार चालिसे[1]

## सारांश

*नेपालमा प्राकृतिक स्रोतहरूमाथिको अधिकार विषयमा उठेका छलफललाई प्रस्तुत लेखमा प्रवृत्तिगत टिप्पणी गरिएको छ । एकातिर भौगोलिक आधारमा केवल सिमित समुदायको पेवा बनाउने तर्क छ भने अर्कातिर सदियौं देखि योगदान गरिरहेका वहुसङ्ख्यक जनतालाई नयाँ नेपालमा नयाँ धारणाको नाममा पन्छ्याईएको पाईन्छ । ऐतिहासिक केही उदाहरणहरू सहित संरक्षण वारेका रैथाने क्रियाकलाप पनि उल्लेख गरिएका छन् ।*

*This short paper is critically analyzing the debate of natural resource utilization in Nepal at a new political scenario. The paper presented a view of differences against a type of intellectuals who claim the ownership of natural resources to a limited community residing in limited geography in New Nepal while neglecting majority of people who is responsible to safeguard it since ancient time. Some indigenous experiences resulted to conservation practices are also dealt as examples.*

## विगत

नेपालले देशको राजनीतिक आकार लिनु अघि देखिनै संरक्षणका कुरा चलेका हुन् । जातजाति तथा विभिन्न धार्मिक, सांस्कृतिक समुदायमा भिन्न-भिन्न अनुभवजन्य सोचाई तथा आवश्यकताले गर्दा विविध संरक्षणका अवधारणा रहे । नावालक, गर्भवती, असक्त, रोगी, बुढाबुढी आदिका लागि सहिष्णु भई तथा आफैँलाई भविष्यमा सहयोगी हुने हुनाले पनि लोक मान्यतामा संरक्षणको विजारोपण भयो होला । त्यसवाहेक मौसमी, अल्पसंख्यक, आकर्षक, विलक्षण, विरलाकोटी प्राप्य साथै मानवीय हितमा कामलाग्ने वस्तु, जीवजन्तु, वनस्पती आदि वारेमा आदिमानवहरूको लगावको कारण ती प्रजाती तथा वस्तुहरूको जगेर्ना भएको होला र अद्यावधी हामी सामु अझै प्राप्य भएका छन् । वैज्ञानिक यथार्थ तथा प्रमाणको लिखत कहिँ नपाइए पनि परम्परा देखि श्रुती ज्ञानको रुपमा मानिसले आफु र आफ्नो वरपर संरक्षण गर्दै आयो ।

नेपालको राजनीतिक भूगोलको आकार ग्रहण भएपछि राज्यबाट शासनसत्ता चलाउने क्रममा विभिन्न वारबन्देजका लागि नियम कानूनका कुरा प्रचलनमा आए । नेपालमा १९६० को दशक सम्म परम्परावादी संरक्षणका क्रियाकलाप, सोचाई तथा धारणा नै सर्वमान्य नियम जस्तै रहे ।

## केही उदाहरणहरू

धार्मिक सोचाईको पुरानो विचारले स्थायी पारिवारिक कीर्ति र आफ्नो सामाजिक प्रभाव उपल्लो राख्न धारा, कुवा, इनार निर्माण र संरक्षण गरिएको पाईन्छ । भगवानको प्रतिस्थापन, मन्दिर-स्तुप, पाटी, धर्मशाला आदि स्थानको निर्माण, वरपर हरियाली कायम राख्न विविध प्रजातीको वनस्पती रोपण र वन

---

[1] केन्द्रीय प्राणीशास्त्र विभाग, त्रि.वि.वि., काठमाडौं, नेपाल, ईमेलः mukesh57@hotmail.com

विकास, ति वनका उत्पादनको सिमित प्रयोग गर्नुपर्ने चलन, ति मान्यतालाई कायम राख्नकालागि खाल-खालका काल्पनिक र रोमाञ्चकारी कथा उपकथा संरक्षणका लागि जोडिँदै रहे । पाल्पाको सत्यवती तालको कथा होस्, स्याङ्गजाको अन्धाअन्धी दहको कुरा होस्, मनाङ्ग मुस्ताङ्गका दहहरूको कुरा होस् वा नागदह, टौदह वा सुरमा सरोवरको, सवै पानीका स्रोत पछाडी हामी अनेक अलौकिक कुरागरी संरक्षणतिरका सोचाईहरू अघि बढाएको पाउँछौ । श्लेषमान्तक, वज्रवाराही र अन्य काली मन्दिरहरू संरक्षण भएका कारणहरूमा वरपरका वनहरू जोगाई राखिनु प्रमुख देखिन्छ । यद्यपि पात सम्म प्रयोग गर्न नहुने वा चराले समेत जंगल वरपर खेतबारीमा पुगेका पात टिपी फिर्ता लैजाने अनौठो कुरा भन्दै गरिएको छ । जंगलको पातपतिङ्गर, काठ आदि प्रयोग गरे रगत छादेर मर्ने डरले पनि संरक्षण भएको छ । नागलाग्ने, शरण लाग्ने, सराप लाग्ने कथाहरूले गर्दा जथाभावी फोहोर हुनबाट रोकिएको छ ।

सामन्ती मालिक्याँई देखाउन, धार्मिक निहुँमा तथा आवश्यकताको कारणले गुठीका जग्गा, खर्क, देवाली गर्ने जंगल, धार्मिक वन र खुला क्षेत्र हरेक मानव वसोवास क्षेत्र वरपर वा नजिक पाईन्थ्यो । सफा पानीको मुल नजिक नाग पुजा गर्ने, वनक्षेत्र कायम राख्ने तथा फोहर निषेधका नियम लगाउने क्रियाकलाप वातावरण संरक्षण कै दायराभित्र परिहाले ।

विविध कारणले वार्षिक शिकार प्रक्रियाहरू विशेषगरी जलचर र थलचर प्राणीहरूको हुँदा पनि एउटा अनुशासित दायराभित्र गरिन्थ्यो । तराईमा विगतमा प्रचलित गरिएको वार्षिक हकुँवा तथा महाजाल विनाको माछा मार्ने चलन उत्तम उदाहरणहरू हुन् । शिकारमा सकेसम्म गर्भिणी, दुधे वच्चा भएकी पोथि तथा जोडा समूहकोलाई नमारिनु, भुरा, वच्चा तथा असक्त छाडिनु प्रजाती नसिध्याउने प्रक्रिया त हो नि ! उपभोग गर्दा रुख, विरुवा, वनस्पती जरीमुट्टै नपार्ने, खुला ठाउँ तथा खोला छेउ विरुवा लगाउने, वीउ जोगाउन- राम्रा वीउवीजन, वनस्पती संकलन गर्ने व्यवहार संरक्षण प्रतिको चासो नै होईन त ?

## वर्तमान

सम्वत् २००० को सुरुवातसँगै भौतिक विकास तथा राष्ट्रिय-अन्तर्राष्ट्रिय चलखेल तथा सम्पर्कले गर्दा नेपालले सामान्य चेतनाको विकास गऱ्यो । सरकारले समय अनुकुल न्यूनतम भएपनि स्वास्थ्य र शिक्षामा काम गऱ्यो जसको फलस्वरुप नेपाली जनताको सङ्ख्यात्मक वृद्धी भयो । दोस्रो दशकसम्म बाघ लाग्ने जंगल तथा पहाडे मूलका लागि एक सयको चामल पनि खाइनसकिने औलोग्रस्त तराई आन्तरिक वसाई-सराईले गुलजार भयो । चौथो दशक सम्ममा त देशभरी संरक्षित क्षेत्रहरू विस्तार भईसकेका थिए । मुख्यतया मानिस भन्दा पनि वनजंगल तथा वन्यजन्तु जोगाउने संरक्षणको बाजै वज्यो । संरक्षण प्रतिको परम्परागत धारणामा ति संरक्षण क्षेत्रको योगदान, प्रचार गरिए जती फलदायी नभएको तथ्य संरक्षणकालागि भनि गरिएका करोडौंको लगानि लाखौँमा पनि देखाउन नसक्नुले प्रष्ट पार्छ । यसरी वान्छनीय फल प्राप्त नगर्नुमा प्रमुख कारण प्राकृतिक क्षेत्रको पउल भएको वखत थोरै जनसङ्ख्याले गरिएको प्रयासलाई सर्वथोक ठान्नु तथा तत्काल प्राकृतिक स्रोतको सदुपयोग र विधिलाई विर्सनु नै हो । संरक्षणको नाममा पछिल्ला खेप जङ्गी धारणा ल्याउनु तर जनजीविका तथा जनप्रचलन र अन्तर्राष्ट्रिय आवश्यकतालाई प्रशय

नदिई प्रत्यूत्पादक ढंगले सरकारी सहरी निर्णय थोपर्नु संरक्षणमा सवभन्दा वाधक रह्यो । त्यसवखत जनताभन्दा जंगली जनावर महत्वपूर्ण भनिने अवैज्ञानिक दक्षिणपन्थी सोचाई हावी हुनु दुर्भाग्यपूर्ण रह्यो । सरकारी गैरसरकारी संस्थाहरू जनजीविका र प्राकृतिक स्रोतको सम्वन्धलाई बेवास्ता गर्दै शहर-वजारका महँगा होटलबाट संरक्षणको खाका पस्कन्छन् र जनचेतनाको अभाव भनि जनतालाई दिनरात हुर्मत लिने वदमासी रच्छन्, यो नै यस कालखण्डको इतिहास भयो । ठोस प्रमाण तथा परिणाम देखाउनु नपर्ने यो जनचेतना वा संरक्षण शिक्षा भनिने राग ठगिरहने चाल हो की ? के आम जनता साँच्चै नै असचेत हुन त ? उनिहरूले जानी नजानी संरक्षण गरिरहेका छैनन् र ? जनतालाई त कण्ठ छ, हरेकका ठर ठेगाना, उपभोग विधि सबै, उनिहरू त मौका मात्र पर्खेका छन्, वैज्ञानिक जलपका साथ अघि बढ्न । वरु, संरक्षणका वाधक को हुन् र कहाँबाट वकवास गर्छन् ? अव तिनै स्वनामधन्य संरक्षणवादीले भनिदिए पाप पखालिन्थ्यो की ?

संरक्षणमा लागिपर्ने भनि कहलिएका, शहर-वजारतिर, संस्था र संस्थानतिर वोलि विकेका, संचारमा हैकम जमाएका संरक्षणवादीलाई सोधौं कोशीटप्पुका ग्वाला, अहिर वा पशुपालकले कति अर्ना खतम पारे ? चितवनका चौधरी वा सुकुम्वासीले कति वटा गैंडा सिध्याए ? कञ्चनपुरका कति बाह्रसिंगा स्थानीय किसानले घटाए ? हो, ती निमुखा जनताले पुऱ्याई-पुऱ्याई प्राकृतिक स्रोतको उपभोग गरेकाले नै आज हामी सवै नेपालीले लोप भइसक्ने तहका ती जनावर अझै देख्दैछौं ।

### नयाँ नेपाल

प्राकृतिक स्रोतको सदुपयोग गरिरहेका आम जनताको परम्परागत ज्ञान, सीप, प्रविधि तथा क्रियाकलापलाई आत्मादेखि नस्वीकार्ने, बुज्रुक भनाउने र नयाँ कुरा गरेको देखाउने साथै पछिल्ला कालखण्डमा नयाँ भनि जतिसुकै जोडे पनि व्यवहारमा स्वनामधन्य ती संरक्षणवादीहरूको पुरानै जनविरोधी धार अझै कायम छ । ति दक्षिणपन्थीलाई थप मलजल जातिय तथा समुदायमा आफ्नो हक अधिकार सुरक्षित गर्न पलाएको चेत भन्दा साम्प्रदायीक घिनलाग्दो दुर्गन्धले गर्दा उछिट्टीएका केही जातिवादी विशेषगरी उचालिएकाहरूवाट राष्ट्रिय सम्पति हुनुपर्ने र सवै तहमा लाभ तथा उपयोग भईरहने स्रोत भनि उल्लेख हुनुपर्नेमा स्थानीय विशेष जातजातिकोमात्र सम्पत्ति बन्नु पर्दछ, अन्यलाई निषेध गर्नु पर्दछ भन्ने प्रयास भईरहेको देखिन्छ । अवका सचेत जनतासामु तिनका स्वाङ्ग असफल हुने निश्चित छ । राम्रो सडकमा वलिया चिल्ला मोटर चढी तारे होटलमा गफ्फिने, चलनचल्तीका अखवारमा नाम छपाउने र पार्टी वा गैरसरकारी संस्थामा हालीमुहाली देखाउने रहर गर्नेहरूलाई वर्गीयरुपमा न्यून तहमा रहेका सवै जनताले नयाँ नेपालमा चाँडै नै ठेगान लगाउने तरखरमा रहेका देखिन्छन् ।

वेला अनुसार बोलिफेर्न जान्ने ति पुरातन पन्थीले आफ्ना कुरा अग्रगामी वा नेपाल सुहाउँदो भने पनि त्यस्ता विचार सारै पछौटे र प्रगती विरोधी हुन् । यसले वर्गीय रुपमा पनि अतिवादी र माथिल्लाहरूकै पक्षपोषण गर्दछ । नेपालमा जनसङ्ख्याको आधारमानै पनि यदि संरक्षित क्षेत्रहरू वरपरको विश्लेषण गरिएमा पनि प्राकृतिक स्रोतमा वन, वन्यजन्तु आम जनताको सम्पति नवनाउने कुरा देखिन्छ र ? (हेर्नोस्

तालिका १-४) । हो, स्थानीय जनतालाई लाभहानीमा प्राथमिकताका साथ सहभागी गराउनै पर्छ र अव त व्यवस्थापनको भित्री तहसम्म उनिहरूलाई पुऱ्याउनै पर्छ । तर प्राकृतिक स्रोत कसैको विर्ता हुनु हुँदैन । त्यसो भएमा यस अघिका पञ्चवर्षिय योजनाहरूका असफलता दोहोरिन्छन् (सन्दर्भ सूचीहरू हेर्नुहोस्) । त्यसैले संरक्षण क्षेत्र तथा नेपालको जनसङ्ख्याको वितरणलाई प्रमुखताकासाथ ध्यान दिनुपर्दछ । (हेर्नोस् तालिका र नक्सा १)

**निचोड के त ?**

नेपाल जतिसुकै नयाँ पारे पनि मेची-महाकाली तथा हिमाल-तराईको चौहद्दी आम नेपालीको मुटुको फेदीका सिमावन्धन हुन् । वहुसङ्ख्यक जनताको हित नै असल शासनको मापदण्ड भित्र पर्दछ । दिईएका केही पुराना समयका (२००१) आँकडा भए पनि हामीलाई दिशावोध गरि बहुजन हितायमा काम गर्न वल पुग्दछ । देश भरिको आँकडामा जातजातिको उत्थानको नाममा २८.५४ प्रतिशत रहेका समुदायहरूलाई अन्यको दर्जामा राखी उनिहरूको सद्भाव र वर्कत छुटाउन मिल्ला ? त्यस्तै ३१ जिल्लामा वहुसङ्ख्यक रहेका उनीहरूलाई निमुखा वनाउनु वैज्ञानिकता होला ? के इतिहासको यथार्थलाई नकार्न सकिन्छ ? संरक्षित क्षेत्रहरू वरपर रहेका ३५ जिल्लामा एघार जाति वा समुदायको वाहुल्यता छ, के नेपालका एकसय भन्दा वढि जाति र समुदायको हित तथा स्वाभिमानलाई ति एकदर्जन समुहले निमोठ्न मिल्छ (हेर्नोस् तालिका २-३ र नक्शा १) ? के लाल भारतीयहरूको हविगत नेपालका वहुसङ्ख्यकले भोग्नुपर्ने हो ? आफ्नै रैथाने ठाउँमा आफैं विरानो ?

प्राकृतिक स्रोत तथा साधनवारे प्रष्ट रुपमा केका लागि ? किन ? र कति फाईदा पुग्दछ भन्ने छिनो फानो गरेर मात्र संरक्षणको कुरा अघि वढाउँदा नेपाल नयाँ पार्ने कोशेढुङ्गा हुनसक्छ । अन्यथा, आणविक भट्टि र भौतिक तत्काल सुखमा रमाउनेहरूले कार्वन फ्याँक्छन्, अलि अलि पैसो फ्याँक्छन् भनि गरिव राष्ट्रहरू सन्तुलित विकास तथा दिगो उपयोगको अति वैज्ञानिक अवधारणावाट चिप्लीएर फेरी ढुंगे युगतिर फर्कनु मात्र वातावरण संरक्षण गर्नु हो भन्ने गलत निर्क्यौलको खाडलमा पर्छन् भने केही भविष्य रहन्न । हेरौं, प्रजातन्त्र तथा मानव अधिकारको व्याख्या हाम्रो देशमा आई धेरै गर्नेका आफ्नै देशमा के हालत छन् ? उनीहरूले गर्नसम्म उत्पात आफ्नै देशमा गरिसकेपछि पाप पखाल्न त यसो गरेका होईनन् ? अथवा हामीलाई प्रयोग गरेर हेर्न खोजेका हुन् ? हामी, हाम्रो देश र जनताको उन्नतीमा सम्पूर्णको साझा सम्पति प्राकृतिक स्रोतको वेमाख नपारी अति उत्पादनशिल उपयोग गरौं तव मात्र सम्पन्नताको नयाँ नेपाल वन्न सक्छ अन्यथा अझ वढि शत्रुतापूर्ण द्वन्दमा मिहिनेती नेपाली जाति अल्मलिई प्राचिन कथाको यदुवंशीहरूको नियती भोग्नु पर्ने हुन्छ । त्यसैले, सम्पूर्ण प्राकृतिक स्रोत राष्ट्रिय सम्पतिको रुपमा अगिंकार गरि स्थानीय तहमा अग्राधिकार सहितको व्यवस्थाले मात्र विकासको गति लिन्छ भन्ने भावना, चलन, नियम, कानून स्थापित हुनु पर्दछ । आशा छ, नेपालका युवा, वैज्ञानिक, राजनीतिककर्मी तथा प्राकृतिक स्रोतसँग सम्बन्धितले वेलैमा समानता र न्यायपूर्ण आवाजलाई स्थापित गर्ने छन् ।

**तालिका १ :** संरक्षित क्षेत्रहरूको वरिपरी वसोवास गर्ने जिल्लाका वहुसंख्यक जातजाति र समुदायको २००१ को जनसङ्ख्याको आधारमा प्रतिशत

| संरक्षित क्षेत्र | जिल्ला | ती जिल्लामा चार प्रमुख जातजाति र समुदायको जनसंख्या प्रतिशत |
|---|---|---|
| १. वर्दिया राष्ट्रिय निकुञ्ज | वर्दिया | थारु– ५२.६, क्षेत्री– १०.६, ब्राह्मण– ९.४, कामी– ३.४ =७६.०% |
| | सुर्खेत | क्षेत्री– २७.७, मगर– २०.६, कामी– १५.० ब्राह्मण– १२.३ = ७५.६% |
| | बाँके | मुशलमान–२१.१, थारु–१६.४, क्षेत्री–१२.३, ब्राह्मण– ६.० =५५.८% |
| २. मकालु–वरुण राष्ट्रिय निकुञ्ज | सङ्खुवासभा | राई– २२.४, क्षेत्री– १९.४, ब्राह्मण– ६.६, तामाङ– ९.५ = ५७.९% |
| | सोलुखुम्बु | राई– ३१.५, क्षेत्री– १५.२, शेर्पा– १०.३, तामाङ– ९.५ = ६६.४% |
| ३. सगरमाथा राष्ट्रिय निकुञ्ज | सोलुखुम्बु | राई– ३१.५, क्षेत्री– १५.२, शेर्पा– १०.३, तामाङ– ९.५ = ६६.४% |
| ४. रारा राष्ट्रिय निकुञ्ज | मुगु | क्षेत्री– ४४.३, ठकुरी– १७.०, शेर्पा– १०.२, ब्राह्मण–४.३ = ७५.८% |
| | जुम्ला | क्षेत्री– ६३.१, ब्राह्मण– ९.५, सार्की– ६.५, ठकुरी– ५.७ = ८४.८% |
| ५. शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज | काठमाडौं | नेवार–२९.६, ब्राह्मण–२०.५, क्षेत्री– १८.८, तामाङ– ८.५ =७७.४% |
| | धादिङ्ग | तामाङ– २१.५, ब्राह्मण–१७.०, क्षेत्री–१५.५, नेवार–९.६ = ६३.६% |
| | सिन्धुपाल्चोक | तामाङ– ३९.५, क्षेत्री–२३.०, नेवार– १४.२, ब्राह्मण– १४.१ =९०.८% |
| | नुवाकोट | तामाङ– ३८.५, ब्राह्मण–२०.७, क्षेत्री–१३.४, नेवार–७.६ =८०.२% |
| ६. लाङटाङ राष्ट्रिय निकुञ्ज | सिन्धुपाल्चोक | तामाङ–३९.५, क्षेत्री–२३.०, नेवार–१४.२, ब्राह्मण–१४.१ =९०.८% |
| | रसुवा | तामाङ– ६३.७, ब्राह्मण– १५.८, गुरुङ्ग– ६.७, क्षेत्री– ३.४ =८९.६% |
| | नुवाकोट | तामाङ–३८.५, ब्राह्मण–२०.७, क्षेत्री– १३.४, नेवार–७.६ =८०.२% |
| ७. चितवन राष्ट्रिय निकुञ्ज | चितवन | ब्राह्मण–२९.३, थारु– १२.७, क्षेत्री– ११.०, तामाङ– ७.४ =६०.४% |
| | नवलपरासी | मगर - १७.२, ब्राह्मण–१६.९, थारु– १६.५, क्षेत्री– ५.७ = ५६.३% |
| | पर्सा | मुशलमान– १५.४, थारु– ८.२, कुर्मी– ८.२, यादव–६.४ =३८.२% |
| | मकवानपुर | तामाङ– ४७.४, ब्राह्मण–१४.९, क्षेत्री–१०.६, नेवार–६.८ = ७९.६% |
| ८. खप्तड राष्ट्रिय निकुञ्ज | बझाङ | क्षेत्री– ६३.९, ब्राह्मण– १०.८, कामी– ७.९, ठकुरी– ५.६ = ८८.२% |
| | वाजुरा | क्षेत्री– ५५.५, कामी– ९.४, ब्राह्मण– ६.९, ठकुरी– ६.४ = ७८.२% |
| | डोटी | क्षेत्री–५२.७, ब्राह्मण–९.२, कामी–८.०, ढोले/दमाई– ५.२ = ७५.१% |
| | अछाम | क्षेत्री–५३.२, कामी–१३.४, ब्राह्मण–१०.७, ढोले/दमाई– ६.४ =८३.७% |
| ९. शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज | मुगु | क्षेत्री– ४४.३, ठकुरी– १७.०, शेर्पा– १०.२, ब्राह्मण–४.३ = ७५.८% |
| | डोल्पा | क्षेत्री– ४३.९, गुरुङ्ग– २२.६, मगर– १३.१, कामी– ५.८ = ८५.४% |
| १०. कोशीटप्पु वन्यजन्तु आरक्ष | सप्तरी | यादव– १५.८, थारु– १२.८, मुशलमान– ८.२, तेली– ६.२ =४४.०% |
| | उदयपुर | क्षेत्री– २१.१, राई– १६.४, मगर– १३.८, थारु– ७.८ = ५९.१% |
| | सुनसरी | थारु– १४.९, मुशलमान– ११, क्षेत्री– ८.४, ब्राह्मण–७.९ =४१.३% |
| ११. पर्सा वन्यजन्तु आरक्ष | पर्सा | मुशलमान– १५.४, थारु– ८.२, कुर्मी– ८.२, यादव–६.४ = ३८.२% |
| | वारा | मुशलमान–१३.४, थारु–११.३, यादव– १०.४, ब्राह्मण–५.३ = ४०.१% |
| | मकवानपुर | तामाङ– ४७.४, ब्राह्मण–१४.९, क्षेत्री–१०.६, नेवार–६.८ = ७९.६% |
| १२. शुक्लाफाँटा वन्यजन्तु आरक्ष | कञ्चनपुर | क्षेत्री– २७.२, थारु– २३.३, ब्राह्मण– १५.४, कामी– ५.० = ७०.८% |
| १३. ढोरपाटन शिकार आरक्ष | रुकुम | क्षेत्री– ५८.४, मगर– २३.१, ठकुरी– ५.८, कामी– ४.० = ९०.६% |
| | म्याग्दी | मगर– ४१.८, क्षेत्री– १६.५, कामी–१३.३, ब्राह्मण–७.८ = ६९.८% |
| | वाग्लुङ | मगर– २७.७, ब्राह्मण– २२.१, क्षेत्री– १९.३, कामी– ५.९ = ८२.२% |
| १४. मनासलु संरक्षण क्षेत्र | गोर्खा | गुरुङ्ग– २२.३, ब्राह्मण–१८.०, क्षेत्री– १२.१, मगर–११.३ = ६३.७% |
| १५. अन्नपुर्ण संरक्षण क्षेत्र | लमजुङ्ग | गुरुङ्ग– ३१.७, क्षेत्री– १५.८, ब्राह्मण–१४.९, कामी–७.४ = ६९.८% |
| | कास्की | ब्राह्मण–३०.२, गुरुङ्ग– १८.१, क्षेत्री– १४.७, कामी–७.४ = ६९.९% |
| | म्याग्दी | मगर– ४१.८, क्षेत्री– १६.५, कामी–१३.३, ब्राह्मण–७.८ = ६९.८% |
| | मुस्ताङ्ग | गुरुङ्ग– ४५.२, थकाली– १६.५, मगर– ६.१, क्षेत्री– ५.९ = ७३.३% |
| | मनाङ्ग | गुरुङ्ग– ७५.९, शेर्पा– ८.९, तामाङ– ३.६, ब्राह्मण–२.५ =९०.९% |
| १६. कञ्चनजङ्घा संरक्षण क्षेत्र | ताप्लेजुङ्ग | लिम्वु– ४१.८, क्षेत्री– ११.९, ब्राह्मण– १०.४, शेर्पा– ९.३ = ७३.४% |
| जम्मा १६ संरक्षित क्षेत्र | ३५ जिल्ला | क्षेत्री– ११ तामाङ–५ , गुरुङ्ग– ४, मगर– ३, मुसलमान– ३, ब्राह्मण– २, राई– २, थारु– २, लिम्बु– १, यादव– १, नेवार– १ (प्रथम स्थानमा) |

*स्रोत : के.त.वि. २००३*

**नक्शा १ :** संरक्षित क्षेत्र वरपरका जिल्लावासीहरूको तथ्यांक तथा भौगोलिक अवस्थितिले के संकेत गर्दछ ?




*स्रोत: के.त.वि. २००३, जिल्ला नक्शा तथा लेखकद्वारा संरक्षित क्षेत्र मिलान गरि तयार पारेको*

**तालिका २ :** सन् २००१ को जनसङ्ख्या अनुसार दश मुख्य नेपाली जातजातिहरूको नेपालमा स्थिति

| **जातजातिहरू तथा समुदाय** | **जनसङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| १. क्षेत्री | ३,५९३,४९६ | १५.८० |
| २. पहाडे ब्राह्मण | २,८९६,४७७ | १२.७४ |
| ३. मगर | १,६२२,४२१ | ७.१४ |
| ४. थारु | १,५३३,८७९ | ६.७५ |
| ५. तामाङ | १,२८२,३०४ | ५.६४ |
| ६. नेवार | १,२४५,२३२ | ५.४८ |
| ७. मुशलमान | ९७१,०५६ | ४.२७ |
| ८. कामी | ८९५,९५४ | ३.९४ |
| ९. यादव | ८९५,४२३ | ३.९४ |
| १०.राई | ६३५,१५१ | २.७९ |
| **जम्मा** | **१४,६७५,४३९** | **६८.४९** |

*स्रोत : के.त.वि., २००३*

**तालिका ३ :** जिल्लाका आधारमा वहुसंख्यक रहेका जातजातिहरू तथा समुदाय

| **जातजाति/समुदाय** | **सन २००१ को जनसङ्ख्या अनुसार प्रथम स्थानमा परेका जातजाति / समुदाय रहेका जिल्लाहरू** |
|---|---|
| १. क्षेत्री | २१ = ओखलढुङ्गा, उदयपुर, रामेछाप, दोलखा, रुकुम, सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, जुम्ला, मुगु, हुम्ला, डोल्पा, डोटी, अछाम, बझाङ्ग, वाजुरा, डडेल्धुरा, वैतडी, दार्चुला, कञ्चनपुर |
| २. पहाडे ब्राह्मण | १० = झापा, मोरङ्ग, चितवन, कास्की, स्याङ्गजा, रुपन्देही, पर्वत, गुल्मी, अर्घाखाँची, कालीकोट |
| ३. मगर | ७ = तनहुँ, म्याग्दी, बाग्लुङ्ग, पाल्पा, नवलपरासी, प्युठान, रोल्पा |
| ४. तामाङ | ७ = सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, रसुवा, धादिङ्ग, मकवानपुर |
| ५. राई | ६ = इलाम, धनकुटा, सङ्खुवासभा, भोजपुर, सोलुखुम्बु, खोटाङ्ग |
| ६. मुशलमान | ५ = रौतहट, बारा, पर्सा, कपिलवस्तु, बाँके |
| ७. यादव | ५ = सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही |
| ८. गुरुङ्ग | ४ = गोर्खा, लमजुङ्ग, मनाङ्ग, मुस्ताङ्ग |
| ९. थारु | ४ = सुनसरी, दाङ्ग, वर्दिया, कैलाली |
| १०. नेवार | ३ = काठमाडौं, ललितपुर, भक्तपुर |
| ११. लिम्वु | ३ = ताप्लेजुङ्ग, पाँचथर, तेह्रथुम |

*स्रोत: के.त.वि., २००३*

**तालिका ४ :** भौगोलिक वातावरणीय अवस्था अनुसार जनसङ्ख्याको वितरण, २००१

| **प्रदेश** | **१९५२/५४** | **१९७१** | **२००१** |
|---|---|---|---|
| उच्च पहाड | ६४.८ | ९.९ | ७.३ |
| मध्य पहाड | - | ५२.५ | ४४.३ |
| तराई | ३५.२ | ३७.६ | ४८.४ |
| **जम्मा** | ८२,५६,६२५ | १,१५,५५,९८३ | २,३१,५१,४२३ |

*स्रोत: के.त.वि., २००६*

### सन्दर्भ सूची

के.त.वि. (२००३). केन्द्रीय तथ्यांक विभाग, नेपालको जनसङ्ख्या मोनोग्राफ, पृ. ४१२ काठमाडौं, नेपाल ।

के.त.वि. (२००६). केन्द्रीय तथ्यांक विभाग, नेपालको वातावरणीय तथ्यांक, २००६ पृ.९७ काठमाडौं, नेपाल ।

चालिसे, डा. मुकेश कुमार (२००५), चिडियाखाना र वन्यजन्तु संरक्षण । सदर चिडियाखाना व्यवस्थापनको १० औं वार्षिक उत्सव विशेषाङ्क, राष्ट्रिय प्रकृति संरक्षण कोष, पृ. २०-२२ ।

चालिसे, डा. मुकेश कुमार (२००८) नेपालमा जैविक विविधताको प्रसङ्ग र संभावना । *प्राज्ञिक संसार*, केन्द्रीय क्याम्पस, त्रि.वि.वि., वर्ष ९ अंक १, पृ.७७-८४ ।

चालिसे, डा. मुकेश कुमार (२००८क), वन्यजन्तु पालन र आय आर्जन । नेपालमा जैविक विविधता संरक्षणका प्रयासहरू । १३ औं वन्यजन्तु सप्ताह विशेषाङ्क-२०६५, पृ. ४५-४८, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, ववरमहल, काठमाडौं ।

चालिसे, डा. मुकेश कुमार (२००८ख). संरक्षण र आजको आवश्यकता । दि इनिसियशन वर्ष २ अंक १ पृ.२१२-२१६ ।

चालिसे, डा. मुकेश कुमार (२०६५) नेपालका संरक्षित वन्यजन्तु, पृ १२६ साझा प्रकाशन, ललितपुर, नेपाल ।

चालिसे, डा. मुकेश कुमार (२००९) वदलिँदो परिस्थितिमा संरक्षण क्षेत्रको व्यवस्थापन । २५ औँ वार्डेन सेमिनार र ७ औँ मध्यवर्ती क्षेत्र सञ्जाल वैठक २६-३० फागुन, २०६५ को प्रोसेडिङ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, ववरमहल, काठमाडौं ।

चालिसे, डा. मुकेश कुमार (२००९क) जनावरसँग जोडिएको अर्थतन्त्र । *मूल्यांकन,* अंक २७, पू. १७०, पृ. ६८–६९ ।